आज मिति २०७९।०२।२३ गते सोमवारका दिन बेनी नगरपालिकाका नगर प्रमुख श्री सुरत के.सी.ज्यूको अध्यक्षतामा बसेको पहिलो नगर कार्यपालिकाको बैठकमा देहायको उपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

उपस्थिति:

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुरत के.सी. | नगर प्रमुख, बेनी नगरपालिका | |
| २ | ज्योती लामिछाने पौडेल | नगर उपप्रमुख, बेनी नगरपालिका | ज्योती, |
| ३ | धोलकराज ढकाल | प्रमुख प्रशासकीय अधिकृत, बेनी नगरपालिका | |
| ४ | टेक वहादुर थापा | वडा अध्यक्ष, बेनी न.पा.-१ | |
| ५ | याम वहादुर क्षेत्री | वडा अध्यक्ष, बेनी नगरपालिका-२ | |
| ६ | पदम वहादुर पुन | वडा अध्यक्ष, बेनी नगरपालिका-३ | |
| ७ | अण वहादुर खड्का | वडा अध्यक्ष, बेनी नगरपालिका-४ | |
| ८ | गोबिन्द वानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-५ | |
| ९ | कृष्ण वहादुर वानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-६ | |
| १० | रमेश कुमार श्रेष्ठ | वडा अध्यक्ष, बेनी नगरपालिका-७ | |
| ११ | उत्तम कुमार कर्मचार्य | वडा अध्यक्ष, बेनी नगरपालिका-८ | |
| १२ | चक्र वहादुर के.सी. | वडा अध्यक्ष, बेनी नगरपालिका-९ | |
| १३ | मसबिर रोका | वडा अध्यक्ष, बेनी नगरपालिका-१० | MR |
| १४ | कृष्ण कुमार वि.क. | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १५ | किसान विश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १६ | मन कुमारी ~~वि.क~~ विश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १७ | सृजना श्रेष्ठ | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १८ | सुजता किसान | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १९ | बविता सापकोटा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | बबिता |
| २० | मिना कुमारी कार्की | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २१ | निर्मला मल्ल | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |

अन्य उपस्थिति:

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश पाण्डे | योजना अधिकृत | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

# नगर कार्यपालिकाको पहिलो बैठकका निर्णयहरु

निर्णयहरु　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　मिति २०७९ जेष्ठ २३ गते

१. बैशाख ३० गते भएको स्थानीय तहको निर्वाचन, २०७९ लाई स्वच्छ, निष्पक्ष मर्यादित र भयरहित वातावरणमा सम्पन्न गर्न शान्तिपूर्ण हिसाबले सहभागी हुनुहुने सम्पूर्ण मतदाताहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने ।

२. बेनी नगरपालिकाका नवनिर्वाचित नगरप्रमुखको पदबहालीका पहिलो दिन भएका निर्णयलाई अनुमोदन गरी कार्यान्वयनमा आवश्यक सहयोग र समन्वय गर्ने गराउने ।

३. बेनी नगरपालिका भित्रका विभिन्न संरचनाहरु वर्षेनी विपदबाट क्षतिग्रस्त हुने र सडक सफा गर्ने क्रममा धेरै रकम खर्च गर्नुपर्ने बाध्यतालाई अन्त्य गर्न मनसुनजन्य विपदको अवधिभर २०७९ असार देखि २०७९ असोज १५ गतेसम्म डोजर, ट्रिपर र ट्याक्टर समेत उपलब्ध गराउन सक्ने सेवाप्रदायकहरुसँग सम्झौता गरी मनसुनजन्य विपदको प्रतिकार्यका लागि आवश्यक कार्य गर्न प्रकृया अघि बढाउने ।

४. बेनी नगरपालिका भित्रका विभिन्न बगरहरुबाट ढुङ्गा गिटी र बालुवाको संकलन एवं उत्खनन् गर्नका लागि गरिएको साबिकको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को म्याद समाप्त भएकोले पुन: प्रारम्भिक वातावरणीय परीक्षण गर्ने प्रयोजनका लागि आवश्यक प्रकृया अघि बढाउने ।

५. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गरी विद्यार्थी संख्या समेत अभिवृद्धिका लागि आवश्यक सुझाव सहितको प्रतिवेदन पेश गर्न र सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा नगरपालिका तर्फबाट गर्नुपर्ने आवश्यक कार्यहरु समेतको सुझाव सहितको प्रतिवेदन पेश गर्न देहाय बमोजिमको एक कार्यदल गठन गरी प्रतिवेदन पेश गर्न लगाउने ।

| | |
|---|---|
| क. श्री कमलप्रसाद ढकाल, शिक्षा अधिकृत, | संयोजक |
| ख. श्री सोमनाथ ढुङ्गाना, प्रधानाध्यापक, जामुनाखर्क मावि | सदस्य |
| ग. श्री सम्मर बहादुर थापा, अध्यक्ष वि.व्य.स, बेनी सामुदायिक मावि | सदस्य |
| घ. नगरपालिकामा क्रियाशील पेशागत संघ, संगठनका तर्फबाट ३ जना | सदस्य |
| ङ. श्री जयराम सुवेदी, स्रोत व्यक्ति, बेनी नगरपालिका | सदस्य-सचिव |

६. बेनी नगर कार्यपालिकाबाट भए गरेका विभिन्न निर्णय, सूचना एवं जानकारी प्रवाह गर्न बेनी नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली २०७४ को नियम १७ बमोजिम बेनी नगरपालिका वडा नं ७का वडाध्यक्ष श्री रमेश कुमार श्रेष्ठलाई नगर प्रवक्ताको जिम्मेवारी तोक्ने ।

७. आगामी आ.व. २०७९/०८० को नीति योजना कार्यक्रम तथा बजेट तर्जुमा गर्ने कार्यमा सहजीकरणका लागि स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ५.१.३ बमोजिमका देहायका विषयगत समितिमा तपसिल बमोजिमका सदस्य तोक्ने ।

क. आर्थिक विकास समिति

| | | |
|---|---|---|
| I. | पदम बहादुर पुन वडाध्यक्ष वडा नं ३ | संयोजक |
| II. | गोविन्द बानिया वडाध्यक्ष वडा नं ५ | सदस्य |
| III. | सृजना श्रेष्ठ, वडा सदस्य वडा नं ७ | सदस्य |
| IV. | जनाश्रित श्रेष्ठ, पशु चिकित्सक एवं आकृति ढुङ्गाना कृषि विकास अधिकृत | सदस्य-सचिव |

ख. सामाजिक विकास

| | | |
|---|---|---|
| I. | चक्र बहादुर के.सी वडाध्यक्ष वडा नं ९ | संयोजक |
| II. | टेक बहादुर थापा वडाध्यक्ष वडा नं १ | सदस्य |
| III. | सुजाता किसान वडासदस्य वडा नं ७ | सदस्य |
| IV. | कमलप्रसाद ढकाल, शिक्षा अधिकृत, बेनी न.पा | सदस्य |

ग. पूर्वाधार विकास समिति:

| | | |
|---|---|---|
| I. | कृष्ण बहादुर बानिया वडाध्यक्ष वडा नं ३ | संयोजक |
| II. | उत्तम कर्माचार्य, वडाध्यक्ष वडा नं ८ | सदस्य |
| III. | मनकुमारी बि.क, कार्यपालिका सदस्य | सदस्य |
| IV. | बिमलरञ्जन कार्की, इन्जिनियर, बेनी नपा | सदस्य-सचिव |

घ. वन वातावरण तथा विपद् व्यवस्थापन

| | | |
|---|---|---|
| I. | अण बहादुर खड्का वडाध्यक्ष वडा नं ४ | संयोजक |
| II. | बबिता सापकोटा, वडा सदस्य बडा नं २ | सदस्य |
| III. | मसविर रोका वडाध्यक्ष वडा नं १० | सदस्य |
| IV. | युवराज थापा, प्रशासकीय अधिकृत बेनी नपा | सदस्य सचिव |

ङ. सुशासन तथा संस्थागत विकास समिति

| | | |
|---|---|---|
| I. | उत्तम कर्माचार्य वडाध्यक्ष वडा नं ८ | संयोजक |
| II. | किसान बि.क. कार्यपालिका सदस्य | सदस्य |
| III. | निर्मला मल्ल, वडासदस्य वडा नं १० | सदस्य |
| IV. | युवराज थापा, प्रशासकीय अधिकृत बेनी नपा | सदस्य सचिव |

८. आगामी आ.व. २०७९/०८० का लागि बेनी नपाले आफ्नो कार्यक्षेत्रभित्र परिचालन गर्न सक्ने राजश्वका स्रोत दायरा र दर समेतको विश्लेषण गरी आगामी आ.व. मा प्राप्त हन सक्ने राजश्वको अनुमान गर्ने प्रयोजनका लागि स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ५.२ बमोजिम कार्यपालिकातर्फबाट राजश्व परामर्श समितिमा देहायका सदस्यहरु मनोनित गर्ने ।

क. सृजना श्रेष्ठ वडा सदस्य वडा नं ७ — सदस्य

ख. किसान विश्वकर्मा कार्यपालिका सदस्य — सदस्य

९. बेनी नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान र ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ५.२.२ बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिमा कार्यपालिकातर्फबाट देहायका सदस्यहरु मनोनित गर्ने ।

| | |
|---|---|
| क. गोविन्द बानिया वडाध्यक्ष वडा नं ५ | सदस्य |
| ख. याम बहादुर क्षेत्री वडाध्यक्ष वडा नं २ | सदस्य |
| ग. कृष्ण कुमार विश्वकर्मा कार्यपालिका सदस्य | सदस्य |
| घ. मन कुमारी बि.क, कार्यपालिका सदस्य | सदस्य |

१०. बेनी नपाबाट सञ्चालित योजनाको लागत परिमाण समयसीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनका लागि स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ६.२.१ अनुसारको अनुगमन तथा सुपरिवेक्षण समितिमा देहायका सदस्यहरु मनोनित गर्ने ।

| | |
|---|---|
| क. उत्तम कर्माचार्य वडाध्यक्ष वडा नं ८ | सदस्य |
| ख. मनकुमार बिश्वकर्मा कार्यपालिका सदस्य | सदस्य |

११. बेनी नगर कार्यपालिकाको कार्यालयमा कार्यरत जनशक्तिहरुको विद्यमान कार्यबोझ एवं कार्यप्रकृति समेतका आधारमा हाल उपलब्ध गराईएको सेवा सुविधाका विषयमा थप अध्ययन गरी कर्मचारीको मासिक सुविधा लगायतका अन्य विषयमा आवश्यक विमर्श एवं सुझाव सहितको प्रतिवेदन पेश गर्न देहाय बमोजिमको एक कार्यदल गठन गर्ने ।

| | |
|---|---|
| क. कृष्ण कुमार विश्वकर्मा कार्यपालिका सदस्य बेनी नपा | संयोजक |
| ख. रमेश कुमार श्रेष्ठ वडा अध्यक्ष वडा नं ७ | सदस्य |
| ग. उत्तम कर्माचार्य वडा अध्यक्ष वडा नं ८ | सदस्य |
| घ. विमल रञ्जन कार्की इन्जिनियर बेनी नपा | सदस्य |
| ङ. माधवप्रसाद भुसाल लेखापाल बेनी नपा | सदस्य |
| च. युवराज थापा प्रशासकीय अधिकृत बेनी नपा | सदस्य-सचिव |

१२. बेनी नगरपालिकाको फोहोरमैलाको बिसर्जन एवं थप उचित व्यवस्थापन गर्न उपयुक्त स्थानको खोजी एवं पहिचान गर्ने कार्यमा आवश्यक सहजीकरण गर्न देहाय बमोजिमको एक समिति गठन गर्ने ।

| | |
|---|---|
| क. नगरप्रमुख | संयोजक |
| ख. नगरउपप्रमुख | सदस्य |
| ग. वडाध्यक्ष वडा नं २ | सदस्य |
| घ. वडाध्यक्ष वडा नं ३ | सदस्य |
| ङ. वडाध्यक्ष वडा नं ४ | सदस्य |

च. वडाध्यक्ष वडा नं ६ सदस्य

छ. वडाध्यक्ष वडा नं ९ सदस्य

१३. बेनी नपाको कार्यमा थप सहजीकरण गर्नका लागि देहाय बमोजिमका दुईवटा कार्यविधि तर्जुमा गरी आगामी बैठकमा पेश गर्ने ।

क. नगरप्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि

ख. रुख कटान छटान सम्बन्धी कार्यविधि

१४. बेनी नगरपालिकाभित्र रहेका विभिन्न मजदुरहरुको सेवा सुविधा एवं सुरक्षाको प्रत्याभुति दिलाउन आगामी आ.व. देखि कार्यान्वयन गर्ने गरी मजदुर डेस्क तथा मजदुर सहायता कोष स्थापना गर्ने ।

१५. बेनी नगरपालिका भित्र घटने विभिन्न किसिमका विपदजन्य घटनाहरुहरुबाट हुने सम्भावित क्षति न्यूनीकरण गर्न र विपद व्यवस्थापन, उद्धार तथा प्रतिकार्यका लागि आवश्यकता अनुसार स्रोत समेत जुटाई "विपदमा मेयर" कार्यक्रम सञ्चालन गर्ने ।

१६. बेनी नपा भित्र रहेका विभिन्न महिला तथा आमा समूहहरुको क्षमता विकास तथा आयआर्जन लगायतका गतिविधि सञ्चालन गरी सशक्तिकरण गर्न "आमा समूहसँग उपमेयर" कार्यक्रम सञ्चालन गर्ने ।

१७. बेनी नगर कार्यपालिकाको कार्यालयबाट तर्जुमा गरिएका संगठन तथा व्यवस्थान सर्भेक्षण प्रतिवेदन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी रणनीति लाई अनुमोदन गर्ने निर्णय गरियो ।

१८. बेनी नपा वडा नं ८ को चनं ६५१ मिति २०७९/०२/१३ गतेको पत्रबाट कालीपूल ढल निकासका लागि लेखि आएको पत्र तथा बेनी नपा वडा नं ७ को च नं १०१७ मिति २०७९/०२/१५ गते नाली सफाई चौतारी मर्मत तथा खुला मन्च व्यवस्थापन लगायतको कार्य गर्ने गरी लेखि आएको पत्र तथा कार्यलाई अनुमोदन गर्ने ।

१९. बेनी नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण र प्रबोधीकरण शीर्षकमा विनियोजन भएको रकम रु १० लाखमध्ये गत वर्षको कक्षा २ को पाठ्यपुस्तक छपाई, चालु आ.व.मा कक्षा ३ को पाठ्यपुस्तक लेखन एवं कक्षा ६ देखि ८ को पाठ्यक्रम निर्माणमा हालसम्म ४ लाख ८७ हजार खर्च भई जम्मा ५ लाख १३ हजार बाँकी रहेकोमा उल्लेखित रकमबाट कक्षा १, २ र ३ को पाठ्यपुस्तक छपाईका लागि रकम अपुग हुने भएको हुँदा संस्थागत विद्यालयहरुबाट पुस्तक बापत प्राप्त हुने रकम उल्लेखित कार्यमा खर्च गर्ने गरी छपाई गर्ने ।